आज मिति २०८१ साल फागुन २२ गते विहीबारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको तेह्रौं वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम वहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| स्यानी | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित उपस्थिति | | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री ऋषिभक्त वाग्ले | | बरिष्ठ प्रशासकीय अधिकृत |
| | श्री हरि पराजुली | | इन्जिनियर |

आर्थिक वर्ष २०८१/०८२ को तेह्रौं नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/११/२२)

१. बाह्रौं कार्यपालिकाको वैठकको समिक्षा सम्बन्धमा,
२. निजी जग्गा उत्खनन् सम्बन्धमा,
३. घर अभिलेखीकरण सम्बन्धमा,
४. घाट सरसफाई सम्बन्धमा,
५. भिमाद नगरपालिकाको वालमैत्री स्थानिय शासनका लागि आवश्यक सूचकहरु पहिचान गरी कार्ययोजना निर्माण गर्ने सम्बन्धमा,
६. कसेनी घाट भिमाद - ०८ को TOR स्वीकृत र निजी जग्गाको IEE Report स्वीकृत गर्ने सम्बन्धमा,
७. विविध

**निर्णय नं. १**

प्रस्ताव नं.१ उपर छलफल गर्दा मिति २०८१/११/०५ गते वसेको नगरकार्यपालिकाको बाह्रौं वैठकमा भएका निर्णयहरुको छलफल भै समिक्षा गरिनुको साथै उक्त वैठकका कार्यान्वयन हुन बाँकी निर्णय कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं.२ उपर छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ५ वस्ने विष्णुहरिको नाती रामप्रसादको छोरा वर्ष ७४ का ऋषिराम गैरे नाउँमा दर्ता श्रेष्ता कायम भएको ऐ. स्थित न.नं. १/ण कि.नं. ४७५ क्षेत्रफल ४-११-०-१ रहेको भिरालो पाखा जग्गालाई सम्माएर खेतियोग्य बनाउन पर्ने भएकोले उक्त भिरालो जमिन मेसिन लगाई सम्माउनको लागि अनुमति पाउँ भनि निवेदन पेश भएको साथै यस विषयमा प्राविधक प्रतिवेदनमा कार्यसूची स्वीकृत गरी प्रारम्भिक वातावरणीय प्रतिवेदनको आधारमा उत्खनन् अनुमति दिनु भन्ने व्यहोराको राय प्राप्त भएकोले माग भई आए बमोजिमको कार्यसूची (TOR) स्वीकृत गरी प्रारम्भिक वातावरणीय प्रतिवेदन प्रक्रिया अगाडी बढाउन जग्गा धनीलाई अनुमति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं.३**

प्रस्ताव नं.२ उपर छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ७ निवासी बालकृष्ण कडेंलको नाउँमा रहेको कित्ता नं. ५१०, ५११, १२२ ऐ. वस्ने हरिवंश भण्डारीको नाउँमा रहेको कित्ता नं. १२३ र ३५० ऐ. वस्ने हरिचन्द भण्डारीको नाउँमा रहेको कित्ता नं. ११८ र ११९ ऐ. वस्ने चन्द्रवहादुर सार्कीको नाउँमा रहेको कि.नं.१२० को जग्गा उत्खनन् गरी घडेरी योग्य बनाउन प्रस्तावक निज जग्गा धनीहरुवाट पेश भएको प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत गरी मेशिनरी औजार प्रयोग गरी उत्खनन् गर्न दिने र प्राविधिक प्रतिवेदन अनुसार सडक र ती उत्खनन् अनुमती माग गर्ने जग्गा धनीको जग्गाको वीचमा पर्ने फिल्ड अनुसारको ०-४-२-३ सार्वजनिक जग्गाको हकमा निकास दिनु पर्ने भएकोले निजि जग्गा उत्खनन् सम्बन्धी अनुगमन समितिको सिफारिस बमोजिम उक्त सार्वजनिक जग्गा उत्खनन् गरी निस्किएको ढुङ्गा, गिटि र बालुवा लिलाम वढाबढ प्रक्रियाबाट विक्रि गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा, नगरपालिकाले चालु आर्थिक वर्षभन्दा पूर्व जारी गरेका सूचना बमोजिम प्रक्रियामा रहेका भवन अभिलेखिकरण सम्बन्धी निवेदनको हकमा पहिल्यै राजश्व दाखिला गरिसकेको भएतापनि चालु आर्थिक वर्षको दररेटमा राजश्व निर्धारण गर्दा अघिल्ला आर्थिक वर्षमा दाखिला गरेको राजश्व समायोजन नगर्ने राजश्व परामर्श समितिको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं.४ उपर छलफल गर्दा भिमाद नगरपालिकावाट चालु आर्थिक वर्ष २०८१।०८२ मा आय ठेक्का लगाइएको भिमाद नगरपालिका नगर वडा नं. ५ मा अवस्थित सेती नदि किनारको वादरकुना घाटमा ठेक्का सम्झौता गरेका धुर्व लक्ष्मी कन्स्ट्रक्सन कम्पनिका प्रोपाईटर उज्जल खनाल र यसै नगरपालिका वडा नं ५ स्थित सेती नदि किनारामा रहेको दब्ल्याङ घाटमा ठेक्का सम्झौता गरेका बुद्ध शिब कन्स्ट्रकसन एण्ड सप्लायर्स प्रा.लिका प्रोप्राइटर प्रकाश श्रेष्ठले ग्राभेल पागोले गर्दा ढुङ्गा चोकर वालुवा उत्खनन् गर्न समस्या परेकोले एक दिनको लागि जे.सि.बी. मेसिन प्रयोग गरी घाट सरसफाई गरी पाउँ भनी निवेदन पेश भएको हुदा निवेदकको माग बमोजिम एक दिनको लागि नेपाल प्रहरी तथा नगर प्रहरीको रोहवरमा घाट सरसफाईको लागि जे.सि.बि. प्रयोगको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.६

प्रस्तान नं. ५ उपर छलफल गर्दा भिमाद नगरपालिकामा वालमैत्री स्थानीय शासनका लागि यस नगरपालिकाको नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाउन आवश्यक सूचांक पहिचान गरी कार्ययोजना निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं.७

प्रस्तान नं. ६ उपर छलफल गर्दा राजश्व परामर्श समिति तथा नदिजन्य पदार्थ अनुगमन समितिको संयुक्त अनुगमन हुँदा भिमाद नगरपालिका वडा नं.८ मा अवस्थित सेती नदि किनारको कसेनी घाटमा नदिजन्य पद्धार्थ ढुङ्गा गिट्टी वालुवा रहेको देखिएको र तँहा प्रारम्भिक वातावरणीय प्रतिवेदन अनुसार नदिजन्य पदार्थको उत्खनन् बिक्री वितरण गरी आन्तरिक आय बढाउन उपयुक्त देखिएकोले प्रस्तावक भिमाद नगरपालिका हुने गरी उक्त घाटको लागि तयार भएको प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदनको कार्य सूची (TOR) स्वीकृत गर्ने निर्णय गरियो । साथै उक्त प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदन तयार गर्न लागत रकम रु.१,००,०००/-अक्षरुपी एक लाख रुपैया नगर विकास योजनाको सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.ब.को भुक्तानी बाँकी योजनाहरु समेत वाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं.७ उपर छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ७ वस्ने वलभद्रको नाती मेघनाथको छोरा वर्ष ३९ का केदार ढकालको नाउँमा दर्ता श्रेष्ता कायम भएको ऐ. स्थित न.नं. २/क कि.नं. ४३० क्षेत्रफल २-४-१-३ रहेको भिरालो पाखा जग्गालाई सम्माएर आवासयोग्य बनाउन पर्ने भएकोले उक्त भिरालो जमिन मेसिन लगाई सम्माउनको लागि अनुमति भन्ने सम्बन्धमा प्रस्तावक जग्गा धनि भएको प्रारम्भिक वातावरणी प्रतिवेदन ।EE स्वीकृत गरी निजि जग्गा व्यवस्थापनको लागि इजाजतको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।प्राविधिक प्रतिवेदन अनुसार निवेदक केदार ढकालको सडक तर्फ पर्ने कित्ता नं १६४ को ०-४-३-१ जग्गा सार्वजनिनक पर्ने भएकोले निजी जग्गा उत्खनन सम्बन्धी कार्यविधि वमोजिम अनुगमन समितिको निर्णय अनुसार लिलाम वढावढ गरी विक्री गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ७ उपर छलफल गर्दा नगर शिक्षा समितिको वैठकवाट तपसिलका विद्यालयहरुमा भौतिक निर्माण तथा मर्मत सम्भार गर्नु पर्ने भएकाले वजेट विनियोजन गर्न सिफारिस भई आएकोले तपसिल वमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विद्यालय | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सुरेन्द्रज्योति प्रा.वि. भिमाद ३ | जस्ताको छाना छाउने | १२४१०७।०० | सि.नं. १६ विद्यालयको आवश्यकता अनुसार भौतिक निर्माण, मर्मत सम्भार, शैक्षिक सामाग्री व्यवस्थापन शिर्षकवाट |
| २ | पृथ्वी मा.वि. भिमाद १ | पावर व्याकअप खरिद तथा व्यवस्थापन | ४००००।०० | सि.नं.१५१ नगरकार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक निर्माण, मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत शिर्षकवाट |
| ३ | मंगलोदय मा. वि. | छाना मर्मत | १२६७५०।०० | |
| ४ | ज्ञानज्योति आ. वि. भिमाद १ | कम्प्युटर खरिद तथा व्यवस्थापन | ७००००।०० | |
| ५ | प्रगतिशील आ. वि. भिमाद ९ | कम्प्युटर खरिद तथा व्यवस्थापन | ७००००।०० | |

**निर्णय नं.१०**

प्रस्ताव नं.७ उपर छलफल गर्दा चौथो शुक्लागण्डकी महोत्सव-२०८१ का अवसरमा खुल्ला अन्तर पालिका स्तरीय पुरूष भलिबल प्रतियोगिता तथा म्याग्दे गाउँपालिका तनहुँको दोस्रो म्याग्दे गाउँपालिका अध्यक्ष कप- २०८१ अन्तर्गत पालिकास्तरीय ११ ए साइड नकआउट पुरूष भलिबल प्रतियोगिता तथा तनहुँ जिल्लास्तरीय C Level पुरूष डबल व्याडमिन्टन प्रतियोगिता मा भिमाद नगरपालिकाबाट खेल प्रतियोगितामा सहभागी हुँदा दर्ता शुल्क, पोशाक लागायतको जम्मा खर्च रकम रू ६७३००।०० (अक्षरेपि सतसठ्ठी हजार तीन सय मात्र) आ. व. ०८१/०८२ को स्वीकृत नगर विकास योजनामा समावेश भएको शिक्षा शाखाको सि.न. ३२ शिक्षा, युवा तथा खेलकुद शाखाको प्रस्तावमा शैक्षिक कार्यक्रम सञ्चालन शीर्षकबाट नगर शिक्षा समितिवाट सिफारिस भए अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं.७ उपर छलफल गर्दा गुणनिधि खनाल मेमोरियल ट्रष्ट, भरतपुर महानगरपालिका वडा नं.१ चितवनले यस भिमाद नगरपालिका वडा नं.८ मा प्रत्येक महिनाको तेश्रो हप्ताको शनिवार निशुल्क स्वास्थ्य शिविर संञ्चालन गर्नको लागि कार्यक्रमको उद्देश्य, प्रदान गरिने सेवा, लक्षित समूह र अपेक्षित प्रतिफल सहितको प्रस्तावना पेश गर्नु भएकोले उक्त संस्थालाई नियमित रुपमा सिम्ले सामुदायिक स्वास्थ्य इकाइमा निशुल्क शिविर संचालन तथा शिविर संचालन भएको अवधिमा तहाँ मौजुदा रहेको स्वास्थ्यकर्मीले तथ्याङ्क प्रविष्ट गर्न सहयोग गर्ने गरि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.१२

प्रस्ताव नं.७ उपर भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक नगर विकास योजनामा समावेश भएको, शिक्षा शाखा युवा तथा खेलकुद शाखाको बजेट अन्तर्गत सामुदायिक विद्यालयहरूमा शैक्षिक सामग्री वितरण कार्यक्रम वडा नं ४ मा रू ५ लाख, सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री खरिद तथा वितरण कार्यक्रम वडा नं ३ मा रू १ लाख पचास हजार तथा गरिब तथा जेहन्दार विद्यार्थीहरूका लागि शैक्षिक सामग्री खरिद तथा वितरण कार्यक्रम वडा नं ८ मा रू १ लाख बजेटको व्यवस्था भएकोमा उक्त बजेटको सीमामा रही विद्यालयगत आवश्यकताका आधारमा खरिद गरी वितरण गरिएका तपसिलका सामग्रीहरू समेत समावेश भएको हुँदा उक्त सामग्रीहरूको समेत सोही शीर्षकबाट भुक्तानी दिने गरी विल भरपाईका आधारमा रू ७ लाख ५० हजार भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| १ | A4 साइज पेपर (डबल ए) | ५ | कार्टुन |
| २ | बोर्ड मार्कर | ४ | प्याक |
| ३ | मार्कर मसि orinal 500 ml | ५ | बोतल |
| ४ | दराज (स्टिल) | १ | थान |
| ५ | Rechargeable battery 6v wire seitch bulb | १ | वटा |
| ६ | phenolphthalein | २ | bottle |
| ७ | Heating device | १ | वटा |
| ८ | tunning fork | ५ | वटा |
| ९ | magnesium ribbon | १ | प्याक |
| १० | भाला (ज्याभलिन) ८०० ग्राम | २ | वटा |
| ११ | भाला (ज्याभलिन) ६०० ग्राम | २ | वटा |
| १२ | Merry go round lift 4 fit round | १ | वटा |
| १३ | Folding slide | १ | वटा |
| १४ | Horse rider | १ | वटा |
| १५ | Happy swing | १ | वटा |
| १६ | Parrot seesaw | १ | वटा |